# रुपा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट ,कास्की

पत्र संख्या :२०७५/०७६
चलानी नं. :

गण्डकी प्रदेश नेपाल
मिति: २०७५/०९/१६

## साना तथा आधुनिक सिचाई कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

यस गाउँपालिका अन्तरगत आ.व. २०७५/०७६ मा सञ्चालन गरिने साना तथा आधुनिक सिंचाई कार्यक्रम सहयोगका लागि परियोजनाको पहिलो वर्षको लागतको बढीमा ८५ प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेका हुँदा तपसिल वमोजिमको कार्यक्रम सञ्चालन गर्न इच्छुक रुपा गाउँपालिकाका कृषि सम्बन्धी उद्यमी, फार्म, कम्पनी, समूह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा विवरण भरी देहाय अनुसारका कागजातहरु र निवेदन सम्बन्धी रुपा गाउँपालिका कृषि शाखामा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

युवराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. साना सिचाई विशेष कार्यक्रम अन्तरगत साना साना बाँध, कुलो सुधार, पोलिथिन पाइप, पोखरी निर्माण, टंकी निर्माण, पम्पसेट, थोपा सिचाई, पानी तान्ने इन्जिनका आदिका लागि कृषक समूहबाट आयोजनाको लागतको कम्तीमा १५ प्रतिशत नगद तथा जन श्रमदान व्यहोने गरी निर्माण कार्य सम्पन्न भएपछि आर्थिक रकम उपलब्ध गराइनेछ।
२. आयोजना माग गर्दा समूह वा समितिको निर्णय साविक जिल्ला कृषि विकास कार्यालय, कृषि ज्ञान केन्द्र वा यस गाउँपालिकामा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी वा जिल्ला सिचाई कार्यालयमा दर्ता भएको जलउपभोक्ता समितिको प्रमाण पत्रको प्रतिलिपी, वडा कार्यालयको सिफारिस र अन्य माग गरिएको समूहको विवरण सहित यस कार्यालयमा तोकिएको मिति भित्र रु.१० को टिकट टाँस गरी निवेदन बुझाई सक्नुपर्नेछ। यस्तो मागबारे सम्बन्धित वार्डलाई जानकारी दिएको बोधार्थको प्रति यस कार्यालयमा बुझाएको हुनुपर्नेछ।
३. निबेदन दस्तुर बापत रु. १००/- पछि फिर्ता नहुने गरी नगदै यस कार्यालयमा बुझाई निवेदन दर्ता गर्न सकिनेछ।
४. साना सिचाई निर्देशिका बमोजिम आवेदक समूह कम्तीमा १ वर्षको अवधि पूरा गरेको नियमित बैठक बसी रहेका र कृषि विकासका लागि सक्रिय रुपले जि.कृ.वि.का.वा कृषि ज्ञान केन्द्र वा रुपा गाउँपालिका कार्यालयसँग सम्पर्कमा रही क्रियासिल रहेको कृषक समूहको लागि मात्र आयोजना छनौटमा समावेश गरिनेछ।
५. आयोजना माग गर्दा आयोजना सञ्चालन हुने ठाँउ र कार्य सम्पन्न भएपछि कृषक समूहले उपभोग गर्न पाउने गरी सम्बन्धित व्यक्तिले समूहका नाममा गरिएका सम्झौता पत्र निवेदनसँग संलग्न हुनुपर्नेछ।
६. लक्षित वर्ग वा समुदायको प्राविधिक पक्षले उपयुक्त र समूहले व्यहोने प्रतिशतको आधारमा विशेष प्राथमिकता दिइनेछ।
७. आयोजनाबाट सिचाई हुने जग्गाको जग्गा धनी प्रमाण पुर्जाको छाँया प्रति निवेदन साथ पेश गर्नुपर्नेछ।
८. सूचना प्रकाशित मितिले ३० दिन २०७५/१०/१५ गते २ वजेसम्म यस रुपा गाउँपालिका कृषि विकास शाखामा निवेदन दर्ता गराई सक्नुपर्नेछ।
९. अन्य कुरा प्रचलित कानुन वमोजिम हुने व्यहोरा अनुरोध गरिन्छ।
१०. थप जानकारीका लागि रुपा गाउँपालिका कृषि विकास शाखामा सम्पर्क राख्नहुन अनुरोध छ।

"रुपा गाउँपालिकाको प्रतिवद्धता, चुस्तता र दुरुस्तता"

Website : www.rupamun.gov.np
Email : ruparumun@gmail.com

Scanned by CamScanner